सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३३८ ♦ २०८३ साल भदौ १४ आइतवार ♦ 30 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# भोटेकोशी बाढी : राहत जुटाउँदै, बेपत्ता नागरिक खोज्दै महोत्तरी





**खबर दर्पण समाचारदाता**

**भदौ १३ गते, बर्दिवास**

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढी तथा हिमपहिरोमा परी ज्यान गुमाएका नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै महोत्तरी जिल्ला विपद् व्यवस्थापन समितिले राहत संकलन, आर्थिक सहयोग तथा प्रभावित क्षेत्रमा रहेका जिल्लावासीको खोजीलाई प्राथमिकतामा राख्ने निर्णय गरेको छ ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अनुसार जिल्ला विपद् व्यवस्थापन समितिको शनिवार को बैठकले विपद्मा परी ज्यान गुमाएकाप्रति औपचारिक शोक प्रस्ताव पारित गर्दै श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्ने निर्णय गरेको छ। बैठकले सम्पर्कविहीन नागरिकको सकुशल उद्धार तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरेको छ ।

बैठकले भोटेकोशी बाढीबाट प्रभावित नागरिकका लागि जिल्लाभित्र संकलन हुने राहत सामग्रीलाई व्यवस्थित गर्न एकद्वार प्रणाली लागू गर्ने निर्णय गरेको छ। खाद्यान्न, लत्ताकपडा, औषधिलगायतका सामग्री संकलनका लागि उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी तथा स्थानीय तहसँगको समन्वयमा जिल्लाका प्रमुख स्थानमा राहत संकलन केन्द्र स्थापना गरिने भएको छ । संकलित राहत सामग्री प्रभावित क्षेत्रमा सुरक्षित रूपमा पुऱ्याउन आवश्यक ढुवानी साधन तथा सुरक्षाको व्यवस्था मिलाउने निर्णय पनि बैठकले गरेको छ । राहतका नाममा प्राप्त हुने सम्पूर्ण जिन्सी सामग्रीको पारदर्शी अभिलेख राखी विवरण सार्वजनिक गरिने समितिले जनाएको छ ।

त्यस्तै, बैठकले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा नगद सहयोग गर्न जिल्लावासीलाई आह्वान गरेको छ । कर्मचारी, जनप्रतिनिधि, व्यवसायी तथा सर्वसाधारणलाई स्वेच्छिक रूपमा जिल्ला प्रशासन कार्यालय महोत्तरीमार्फत आर्थिक सहयोग

*बाँकी पृष्ठ ३ मा*

## बर्दिबास उद्योग वाणिज्य संघको नेतृत्वमा आठ लाख रुपियाँ सहयोग

रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि बर्दिबास उद्योग वाणिज्य संघको नेतृत्वमा झण्डै आठ लाख रुपियाँ सहयोग संकलन भएको छ। संकलित रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाइएको संघले जनाएको छ।

भोटेकोशी बाढीबाट प्रभावित परिवारको राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उद्योग वाणिज्य संघ बर्दिबासले स्थानीय व्यवसायी तथा सर्वसाधारणसँग सहयोग संकलन अभियान सञ्चालन गरेको हो । अभियानअन्तर्गत संकलित रकम सिधै प्रधानमन्त्री विपद् राहत कोषमा जम्मा गरिएको जनाइएको छ ।

संघका अनुसार सहयोग संकलन अभियान अझै जारी रहेकाले आगामी दिनमा रकम थप बढ्ने अपेक्षा गरिएको छ । विपद्मा परेका नागरिकलाई सहयोग गर्न बर्दिबासका उद्योगी, व्यवसायी तथा सर्वसाधारणले स्वेच्छिक रूपमा आर्थिक सहयोग गरिरहेका छन् ।

उद्योग वाणिज्य संघ बर्दिबासका अध्यक्ष दीपक कार्कीको नेतृत्वमा सञ्चालन भएको अभियानमा संघका पदाधिकारी, व्यवसायी तथा विभिन्न क्षेत्रका व्यक्तिको सहभागिता रहेको छ । संघले सहयोग गर्ने सबै दाता तथा अभियानमा संलग्न व्यक्तिप्रति आभार व्यक्त गरेको छ ।

भोटेकोशी बाढीपछि रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लामा ठूलो जनधनको क्षति भएको छ । बाढीबाट सडक, पुल, घर तथा जलविद्युत् आयोजनालगायतका भौतिक संरचनामा क्षति पुगेको छ भने कतिपय व्यक्ति सम्पर्कविहीन समेत भएका छन् ।

## भोटेकोशी बाढीपीडितलाई महोत्तरीका चार नगरपालिकाको ४२ लाख ५१ हजार सहयोग

भोटेकोशी नदीमा आएको आकस्मिक बाढीबाट ठुलो जनधनको क्षति भएपछि महोत्तरीका चार स्थानीय तहले बाढीपीडितको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि आर्थिक सहयोग गर्ने निर्णय गरेका छन् ।

बाढीबाट प्रभावित नागरिकको पीडामा साथ दिँदै बर्दिबास, भंगहा, गौशाला र औरही नगर पालिकाले गरी कुल ४२ लाख ५१ हजार रुपियाँ सहयोग गर्ने घोषणा गरेका हुन् ।

स्थानीय तहहरूले विपद्को समयमा मानवीय सहयोग र सामाजिक उत्तरदायित्व निर्वाह गर्ने उद्देश्यले सहयोग रकम उपलब्ध गराउने निर्णय गरेका छन् ।

बर्दिबास नगरपालिकाले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनर्स्थापनाका लागि १२ लाख ५१ हजार रुपियाँ सहयोग गर्ने घोषणा गरेको छ ।

नगरपालिकाले विपद्मा परेका नागरिकलाई तत्काल राहत तथा पुनर्स्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले उक्त रकम उपलब्ध गराएको नगर प्रमुख प्रह्लाद क्षेत्रीले जनाउनुभयो ।

त्यस्तै, भंगहा नगरपालिकाले १५ लाख रुपियाँ विपद् व्यवस्थापन कोषमा सहयोग गर्ने घोषणा गरेको छ। नगरप्रमुख सञ्जीव कुमार साहद्वारा जारी सन्देशमा देशमा आएको बाढी, पहिरो तथा अन्य प्राकृतिक विपद्बाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि नगरपालिकाले सामाजिक उत्तरदायित्व निर्वाह गर्दै उक्त सहयोग गर्ने उल्लेख छ ।

यसअघि गौशाला नगरपालिकाले १० लाख रुपियाँ सहयोग गर्ने निर्णय गरेको छ । भोटेकोशी बाढीपीडितका लागि मानवीय पहलअन्तर्गत उक्त रकम सहयोग गरेको नगर प्रमुख डा. दीपेन्द्र महतोले जनाउनुभयो । विपद्को कठिन घडीमा प्रभावित परिवारप्रति ऐक्यबद्धता जनाउँदै नगरपालिकाको साथ र सहयोग निरन्तर रहने सन्देशमा उल्लेख गरिएको छ ।

त्यसैगरी, औरही नगरपालिकाले ५ लाख रुपियाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गर्ने घोषणा गरेको छ । नगर प्रमुख प्रदीपकुमार खड्काले विपदबाट प्रभावित नागरिकको राहत तथा उद्धारका लागि नगर पालिकाको तर्फबाट उक्त रकम सहयोग गर्ने घोषणा गर्नुभएको हो ।

चारवटै नगरपालिकाले गरेको सहयोगको उद्देश्य विपद्मा परेका नागरिकलाई राहत उपलब्ध गराउनुका साथै प्रभावित क्षेत्रमा उद्धार तथा पुनर्स्थापनाका काममा सहयोग पुऱ्याउनु रहेको जनाएका छन् । भोटेकोशीमा आएको बाढीपछि रसुवा, नुवाकोट, धादिङ र चितवनलगायतका क्षेत्रमा ठुलो मानवीय तथा भौतिक क्षति भएको छ ।

विपद्को प्रभाव महोत्तरीमा प्रत्यक्ष नपरे पनि रोजगारी तथा व्यवसायका सिलसिलामा रसुवा लगायतका क्षेत्रमा पुगेका महोत्तरीका नागरिकसमेत प्रभावित भएका छन्। बाढीपछि महोत्तरीका विभिन्न स्थानीय तहका नागरिक सम्पर्कविहीन भएको विवरणसमेत सार्वजनिक भएको छ ।

# सरकार बाढी प्रभावितको साथमा छ, नतिजा नआएसम्म काम जारी रहन्छ : प्रधानमन्त्री

खबर दर्पण समाचारदाता

**भदौ १३ गते, बर्दिवास**

प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल सरकार बाढी प्रभावित नागरिकहरूका साथमा रहेको बताउनुभएको छ । आज सामाजिक सञ्जालमार्फत उहाँले बाढी प्रभावित क्षेत्रमा उद्धार तथा पुनःस्थापनाका कार्यहरू नतिजा नआएसम्म निरन्तर जारी रहने बताउनुभएको हो ।

विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका तटीय क्षेत्रमा निकै ठूलो जनधन र भौतिक क्षति पुऱ्याएकोप्रति नेपाल सरकार अत्यन्तै गम्भीर र संवेदनशील रहेको उल्लेख गर्दै उहाँले बाढी आएलगत्तै सरकारले प्रभावित क्षेत्रमा उद्धार, खोजी र राहत कार्यलाई कुनै पनि कसर बाँकी नराखी अहोरात्र तीव्र पारिरहेको बताउनुभयो ।

"सङ्घ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूसँगको निरन्तर समन्वय, सहकार्य र सहजीकरणमा यो कार्यलाई पूर्ण क्षमताका साथ निरन्तरता दिइएको छ। राज्यका सबै किमिसका संयन्त्रबाट प्रभावित प्रत्येक नागरिकको जीवनरक्षा नै सरकारको पहिलो प्राथमिकता बनेको कुरा दोहोऱ्याउन चाहन्छौँ", उहाँले भन्नुभयो ।

उहाँका अनुसार प्रतिकूल मौसम र विकट भौगोलिक परिस्थितिका बाबजुद पनि प्रभावित क्षेत्रबाट आज ५:३० बजेसम्म सात हजार ५१४ जना मानिसलाई हवाई र स्थलमार्गमार्फत सफलतापूर्वक उद्धार गरी सुरक्षित स्थानमा पुऱ्याइएको छ ।

जसमध्ये विभिन्न जलविद्युत् आयोजना क्षेत्रमा फस्नुभएका २७९ जना मानिसको उद्धार भइसकेको छ भने बाँकी क्षेत्रमा नेपाली सेनाले उद्धारको प्रयास जारी राखेको छ । उद्धारमा भारतीय र चिनियाँ विज्ञहरू नेपाली सेनासँगको समन्वयमा खटिनुभएको छ ।

प्रभावित क्षेत्रमा उद्धार कार्यका लागि नेपाली सेना र निजी क्षेत्रका गरी १६ वटा हेलिकप्टर प्रयोग गरेर हालसम्म २३६ वटा उडान भरिसकेको अवस्था छ । प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी १८ हजार ७०८ जना सुरक्षाकर्मी खटिनुभएको छ ।

"हामीलाई प्राप्त सुझाव र गुनासोलाई ध्यानमा राख्दै प्रभावित क्षेत्रमा परिचालन हुने सुरक्षाकर्मीको सङ्ख्या हरेक दिन बढाउँदै लगिएको छ भने थप हेलिकप्टरहरू तयारी अवस्थामा राखिएका छन्। तर, भौगालिक अवस्था र प्रतिकूल मौसमका कारण एकैपटक धेरै उडान भर्न सकिएको छैन। ज्यान जोखिममा राखेर खटिने सुरक्षाकर्मीको मनोबल उच्च राख्न दैनिक खाजा खर्च र प्रोत्साहन भत्ता वृद्धि गर्ने निर्णयसमेत गरिएको छ । उद्धारका क्रममा आवश्यकताअनुसार अन्तरराष्ट्रिय समुदायबाट पनि सहयोग लिइ रहेका छौँ", उहाँले भन्नुभएको छ ।

साथै सरकार प्रभावित क्षेत्रबाट उद्धार गरिएका जटिल घाइतेहरूलाई काठमाडौँका विभिन्न अस्पतालहरूमा ल्याएर उपचार गरिरहेको उहाँको भनाइ छ ।

"अन्य घाइतेहरूलाई रसुवाको धुन्चे र नुवाकोटको बट्टारस्थित नेपाली सेनाको ब्यारेकमा मोबाइल अस्पताल खडागरी काठमाडौँबाट जानुभएका विभिन्न विशेषज्ञसहितको मेडिकल टोलीले निरन्तर उपचार गरिरहनुभएको छ।

यस्तै, काठमाडौँबाट गएका विभिन्न चिकित्सकसहितको टोलीले धुन्चे, स्याफ्रुबेँसी, रसुवा अस्पताल र हेली क्षेत्रमा दुई गरी पाँच स्थानबाट स्वास्थ्य सेवा दिइरहनुभएको छ", उहाँले भन्नुभयो ।

साथै, घाइते र उहाँहरूका परिवारका सदस्यहरूलाई मनोपरामर्श सेवासमेत प्रदान गरिरहेको उहाँको भनाइ छ ।

अस्पतालमा रगतको सहज उपलब्धताका लागि सरकारले 'रक्त सूचना पोर्टल'सञ्चालन गरी कुन अस्पतालमा कति रगत उपलब्ध छ भन्ने विवरण सार्वजनिक रूपमा जानकारी दिने व्यवस्था मिलाएको छ । प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा प्रवाहको थालनी गरिसकेका छौँ । विभिन्न अस्पतालमा उपचारार्थ घाइते नागरिक निको भएर घर जानेक्रम जारी छ ।

प्रधानमन्त्री शाहका अनुसार हालसम्म रसुवा, धादिङ, नुवाकोट, चितवन, तनहुँ, गोरखा, नवलपरासीपूर्व र नवलपरासी पश्चिमका विभिन्न स्थानमा ६७५ वटा शव फेला परेका छन्। फेला परेका शवलाई 'एयर टाइट ब्याग' मा राखेर व्यवस्थापन गर्ने काम भइरहेको छ ।

"यी शवलाई 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३'बमोजिम व्यवस्थापन गरिँदैछ। पहिचान गर्न नसक्ने अवस्थामा भेटिएका शवलाई मात्रै डिएनए लगायत अन्य पहिचानलाई सहयोग गर्ने आधारहरू सुरक्षित राखी सरकारले आफैँ व्यवस्थापन गर्न लागेको हो। परिवारले पहिचान गरेका शव भने उहाँहरूलाई जिम्मा लगाउने काम भइरहेको छ। त्यसैले यस विषयमा कुनै पनि भ्रममा नरहन सबैमा अनुरोध गर्दछौँ", उहाँले भन्नुभएको छ ।

उहाँका अनुसार प्रभावित क्षेत्रबाट उद्धार गरिएका घाइतेबाहेक अन्य प्रभावित नागरिकका लागि जिल्ला प्रशासन कार्यालय, स्थानीय तहलगायतको समन्वयमा रुसुवामा तीन, नुवाकोटमा १५ वटा शिविर स्थापना गरिएको छ। यी शिविरका लागि सङ्घीय सरकारले राहत सामग्री निरन्तर रूपमा पठाइरहेको छ ।

नेपाल रेडक्रस, नेपाल स्काउट, लायन्स क्लब तथा अन्य स्वयंसेवी संस्थाका संयन्त्रसमेत परिचालित छन् । बाढीबाट विस्थापित करिब तीन हजार ५०० जना नागरिकलाई तत्काल बसोबास गराउन विद्यालय तथा सार्वजनिकरसामुदायिक भवनमा अस्थायी आवासको व्यवस्था मिलाइएको छ ।

पीडितहरूका तत्काल आवश्यक पर्ने खाद्य तथा अन्य दैनिक उपभोगका सामग्रीको सहज व्यवस्थापनका लागि पनि सरकार जुटिरहेको छ ।

यसैक्रममा त्रिभुवन विमानस्थलको वेयर हाउस, काठमाडौँ जिल्ला प्रशासन कार्यालय, सामाखुसीस्थित नेपाल प्रहरीको विपद् तालिम केन्द्र र बबरमहलस्थित सहरी विकास तथा भवन निर्माण विभाग परिसरमा राहत सामग्री सङ्कलन भइरहेको छ ।

सङ्कलित राहत सामग्री हवाई तथा स्थलमार्गबाट हालसम्म



नुवाकोटको बट्टारमा रहेको नेपाली सेनाको मैथिल ब्यारेक र रसुवाको उत्तरगयामा पुऱ्याउने काम भइरहेको छ ।

साथै, मैथिल ब्यारेकबाट धादिङको बैरेनी प्रहरी कार्यालय र रुसुवाको धुन्चेस्थित नेपाली सेनाको ब्राबेल ब्यारेक पुऱ्याउने गरिएको छ । त्यहाँ सङ्कलित राहत सामग्री जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको सुरक्षाकर्मी तथा अन्य सरोकारवालाहरू सम्मिलित समितिले प्रभावित क्षेत्रमा पुऱ्याएर वितरण गरिरहेको छ ।

आजमात्रै एमआइ-१७ हेलिकप्टरमार्फत त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलबाट खाद्य सामग्री रसुवाको धुन्चेमा पुऱ्याइएको छ । साथै, आजै स्थलमार्गबाट अत्यावश्यक खाद्य र गैरखाद्य राहत तथा उद्धार सामग्री धुन्चे र उत्तरगया गाउँपालिका पठाइएको छ। विभिन्न सङ्घसंस्था र सहयोगी निकायलेसमेत सिधै सम्बन्धित जिल्ला प्रशासन कार्यालयका सम्बन्धित सम्पर्क विन्दुहरूमा राहत सामग्री पठाउनेक्रम जारी छ ।

प्रभावित क्षेत्रमा नेपाल टेलिकमका १२० र एनसेलका ७८ वटा बिटिएस टावर सञ्चालनमा रहेकामा बाढीका कारण नेपाल टेलिकमका ३८ र एनसेलका २७ वटा टावरको सेवा अवरुद्ध भएको थियो ।

कतिपय ठाउँमा टावरमै ठूलो क्षति पुगेको थियो भने कतिपय ठाउँमा ऊर्जाको अभाव भएको थियो। सरकारले तत्कालै हेलिकप्टर र सडकमार्गमार्फत इन्धन, सोलार प्यानल र जेनेरेटर ढुवानी गरेर टावर पुनःसञ्चालनमा ल्याएको छ ।

जसमध्ये अहिलेसम्म नेपाल टेलिकमका ९० र एनसेलका ७१ वटा टावर सञ्चालनमा आइसकेका छन् भने बाँकी टावर पनि चाँडै सञ्चालनमा ल्याउने गरी मर्मत कार्य भइरहेको छ ।

बाढीले मुख्य सडकमा क्षति पुऱ्याएर प्रभावित क्षेत्रसम्म पुग्न समस्या भइरहेकाबेला हाल काठमाडौँ-टोखा-छहरे-गड्खार पुल-आप्र-नर्जा-लच्याङ-सरमथली-पाटीखर्क हुँदै बोगटीटार-कालिकास्थान-धुन्चे सडकखण्ड चारपाङ्गे साना सवारीसाधन सञ्चालन हुनेगरी मर्मत गरिएको छ। यो सडकखण्ड खुलेसँगै रसुवा पुनःराष्ट्रिय सडक सञ्जालसँग जोडिएको छ ।

यस्तै, पृथ्वी राजमार्गअन्तर्गत गल्छी-मलेखुको १३ किलोमिटर खण्डमा थुप्रिएको लेदो पन्छ्याएर पृथ्वी राजमार्ग पनि पूर्ण रूपमा सञ्चालनमा ल्याइसकिएको छ। धादिङबेँसी जाने वैकल्पिक सडक सञ्चालनमा आएको छ। परेवाटार-नेपालटार-गजुरीटार-पीपलटार-आदमटार-बेलिनटार-केउरिनीटार हुँदै मास्टार जोडिने सडक सञ्चालनमा आएसँगै धादिङबेँसी पुनः सडक सञ्जालमा जोडिएको छ। रासस

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# भोटेकोशी बाढी: मृतकको संख्या ६२६ पुग्यो, २ हजार ४२६ अझै बेपत्ता

खबर दर्पण समाचारदाता

**भदौ १३ गते, बर्दिवास**

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी ज्यान गुमाउनेको संख्या ६ सय २६ पुगेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार शनिबार बिहान १० बजेसम्म विभिन्न जिल्लामा मानव अङ्गसहित ६ सय २६ जनाको शव फेला परेको हो ।

बाढीमा परी सबैभन्दा धेरै शव चितवनमा फेला परेका छन् । चितवनमा मात्रै २ सय ३३ जनाको शव भेटिएको प्राधिकरणले जनाएको छ । त्यस्तै, नवलपरासी पूर्वमा १ सय ५८, नवलपरासी पश्चिममा ४७, नुवाकोटमा ५१, गोरखामा ४८, धादिङमा ४५, तनहुँमा ३१ र रसुवामा १३ जनाको शव फेला परेको छ ।

बाढीपछि अझै २ हजार ४ सय २६ जना सम्पर्कविहीन छन् । बेपत्तामध्ये ठूलो संख्या जलविद्युत् आयोजनामा कार्यरत कामदारको रहेको छ । आयोजनाबाट मात्रै ९ सय ३३ जना सम्पर्कविहीन भएको विवरण प्राप्त भएको प्राधिकरणले जनाएको छ ।

यस्तै, सुरक्षाकर्मीतर्फ नेपाली सेनाका ४५, नेपाल प्रहरीका २७ र सशस्त्र प्रहरी बलका १३ जना बेपत्ता छन् । जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रका अनुसार रसुवामा ५ सय ६२, नुवाकोटमा १ सय १५ र मकवानपुरमा ६५ जना सम्पर्कविहीन छन् ।

बाढीमा विदेशी नागरिक ५ सय १७ जना र विदेशमा बसोबास गर्ने नेपालीमध्ये बिदा मनाउन नेपाल आएका १ सय २७ जनाको अवस्थासमेत अज्ञात रहेको छ । भन्सार कार्यालयका १५, अध्यागमनका ४ तथा लाङटाङ राष्ट्रिय निकुञ्जका ३ जना पनि बेपत्ताको सूचीमा छन् ।

प्रभावित क्षेत्रमा खोज तथा उद्धारका लागि १५ हजार २ सय २४ सुरक्षाकर्मी परिचालन गरिएको छ । जसमा नेपाली सेनाका ६ हजार ७ सय ५५, नेपाल प्रहरीका ४ हजार ८ सय ११ र सशस्त्र प्रहरी बलका ३ हजार ६ सय ५८ जना छन् । हालसम्म ४ हजार ४ सय ५१ जनाको जीवितै उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये १ सय ९१ जनालाई जलविद्युत् आयोजनाका सुरुङबाट सुरक्षित निकालिएको प्राधिकरणले जनाएको छ । शनिबार मात्रै ५ सय १७ जनाको हवाई उद्धार गरिएको छ ।

विदेशी नागरिकतर्फ १ सय २९ जनालाई सुरक्षित स्थानमा सारिएको छ । नेपाली सेना र निजी क्षेत्रका १६ वटा हेलिकप्टरमार्फत हवाई उद्धार तथा राहतका लागि ९९ उडान गरिएको छ ।

बाढीमा घाइते भएका १ सय १ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको छ भने उनीहरूको उपचारका लागि सर्जिकल मेडिकल टिमसमेत परिचालन गरिएको छ ।

बाढीका कारण सञ्चार संरचनामा पनि ठूलो क्षति पुगेको छ । १ सय ९८ वटा टेलिफोन टावरमा क्षति पुगेकोमा मर्मतपछि १ सय ४४ वटा पुनः सञ्चालनमा आएका छन् ।

सरकारले प्रभावित जिल्लामा राहत वितरणलाई पनि तीव्रता



दिएको छ । रसुवा र नुवाकोटलाई १-१ करोड तथा धादिङलाई ५० लाख रुपैयाँ नगद राहत उपलब्ध गराइएको छ । त्यस्तै, १५ वटा स्थानीय तहका लागि ६ करोड ७५ लाख रुपैयाँ पठाइएको प्राधिकरणले जनाएको छ ।

प्रभावित क्षेत्रमा हालसम्म ३७ ट्रक खाद्य तथा गैरखाद्य सामग्री पठाइएको छ । हेलिकप्टरमार्फत सात उडान गरी थप राहत सामग्री तथा सञ्चार उपकरणसमेत प्रभावित क्षेत्रमा पुर्याइएको छ ।

उद्धार तथा राहत कार्यलाई निरन्तरता दिन इन्धनको व्यवस्थापनसमेत भइरहेको छ । नुवाकोटका विभिन्न आयल स्टोरमा ४१ हजार लिटर डिजेल र २४ हजार लिटर पेट्रोल मौज्दात रहेको छ ।

हवाई इन्धनतर्फ ३९ हजार लिटर नुवाकोट पठाइसकिएको छ भने हाल ८ हजार लिटर मौज्दात छ। थप ९ हजार लिटर हवाई इन्धन बाटोमा रहेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले प्रभावित क्षेत्रमा खोज, उद्धार, उपचार, राहत तथा पुनःस्थापनाका कामलाई समन्वय गर्दै निरन्तरता दिइरहेको जनाएको छ ।

# भोटेकोशी बाढी : राहत जुटाउँदै........................

गर्न आग्रह गरिने भएको छ । संकलित रकम जिल्ला विपद् व्यवस्थापन कोष वा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषको आधिकारिक खातामा जम्मा गरी भौचर सार्वजनिक गरिने निर्णय गरिएको छ ।

सहयोग रकमको पारदर्शिता कायम गर्न संकलित रकमको दैनिक वा साप्ताहिक विवरण जिल्ला प्रशासन कार्यालयको वेबसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइने भएको छ ।

भोटेकोशीको घटनाबाट पाठ सिक्दै महोत्तरी जिल्लामा सम्भावित विपद्को पूर्वतयारी तथा प्रतिकार्य योजनालाई समेत अद्यावधिक गर्ने निर्णय बैठकले गरेको प्रजिअ यादवले बताउनुभयो । विशेषगरी बाढी, नदी कटान तथा अन्य प्राकृतिक विपद्को जोखिमलाई ध्यानमा राखेर स्थानीय तह र सम्बन्धित निकायबीच समन्वय बढाउने विषयमा जोड दिइएको प्रजिअ यादवले बताउनुभयो ।

बैठकले रसुवामा रहेका महोत्तरीका नागरिकको खोजी तथा लगत संकलनलाई समेत प्राथमिकता दिएको छ । रसुवागढी नाका, त्रिशूली करिडोरका जलविद्युत् आयोजना तथा ट्रेकिङ क्षेत्रमा रोजगारी वा अन्य कामका सिलसिलामा पुगेका महोत्तरीका नागरिक बेपत्ता वा सम्पर्कविहीन भए-नभएको विवरण संकलन गरिने भएको छ ।

प्रभावित क्षेत्रमा महोत्तरीका कुनै नागरिक परेको पाइएमा गृह मन्त्रालय तथा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी तत्काल उद्धार र आवश्यक परे गृहजिल्ला फर्काउने व्यवस्था मिलाउने निर्णयसमेत गरिएको छ ।

यसैगरी, बैठकले बर्दिबास नगरपालिकाले शैक्षिक गतिविधि सञ्चालनका लागि लिजमा माग गरेको नेपाल सरकारको नाममा दर्ता कायम रहेको सार्वजनिक जग्गासम्बन्धी विषयमा समेत निर्णय गरेको छ । बर्दिबास नगरपालिका-२७ अन्तर्गतका दुई कित्ताको गरी जम्मा २-३-२ क्षेत्रफलको सरकारी जग्गा व्यवस्थापनका लागि आवश्यक नपर्ने देखिएकाले सम्बन्धित निकायमा सोही व्यहोरा सिफारिस गर्ने निर्णय गरिएको छ ।

बर्दिबास नगरपालिका-३ अन्तर्गत कालापानीमा रातु खोलाको बाढीबाट भएको कटान तथा जोखिम न्यूनीकरणका लागि नदी नियन्त्रण, पूर्वाधार संरक्षण तथा पार्किङ स्थल व्यवस्थापनसम्बन्धी प्रस्तावलाई पनि बैठकले अनुमोदन गरेको छ । त्यस क्षेत्रमा बाढीका कारण बस्ती तथा गाईवस्तीसहितका संरचनामा क्षति पुगेको र आगामी वर्षमा समेत जोखिम देखिएकाले आवश्यक विपद् न्यूनीकरणका काम अघि बढाउन सम्बन्धित निकायलाई समन्वय गर्ने निर्णय गरिएको हो ।

त्यसैगरी, बर्दिबास नगरपालिका-२ अन्तर्गत आश्रम बस्तीमा सरसफाइ तथा नदी नियन्त्रणका लागि तत्काल आवश्यक काम अघि बढाउने निर्णय भएको छ । बाढीका कारण खानेपानी तथा बस्तीमा जोखिम बढेको उल्लेख गर्दै नदी सुधार, नियन्त्रण तथा सम्भावित क्षति न्यूनीकरणका कार्यलाई प्राथमिकताका साथ अघि बढाउन बैठकले अनुमोदन दिएको छ ।

यस निर्णयसँगै महोत्तरीमा एकातिर भोटेकोशी बाढीपीडितका लागि राहत तथा आर्थिक सहयोग परिचालन गर्ने र अर्कोतर्फ जिल्लाभित्रै सम्भावित बाढी तथा नदी कटानको जोखिम न्यूनीकरणका लागि पूर्वतयारी र प्रतिकार्यलाई तीव्र बनाउने बाटो खुलेको छ ।




# 'एकपटक आवाज मात्रै सुन्न पाए हुन्थ्यो' : मोबाइलको स्क्रिनमा अड्किएको पूजाको आशा

अजयकुमार साह
**भदौ १३ गते, बर्दिबास**

पूजा साह सिंहका लागि अहिले दिन र रातको कुनै अर्थ छैन । समय बितिरहेको छ, तर उहाँको प्रतीक्षा रोकिएको छैन । हातमा मोबाइल हुन्छ, आँखाले बारम्बार स्क्रिन खोज्छ । श्रीमान् अजय सिंहको नम्बरमा फोन गर्छिन् । घण्टी बज्छ कि भन्ने आशामा केही क्षण कान थाप्छिन् । तर, उताबाट कुनै आवाज आउँदैन । फोन उठ्दैन । मोबाइल अझै पनि स्विच अफ छ ।

हरेकपटक फोन गर्दा मनमा एउटै आशा हुन्छ- सायद यसपटक अजयले फोन उठाउनुहुन्छ । तर , प्रत्येक असफल प्रयाससँगै त्यो आशा फेरि निराशामा बदलिन्छ । अनि आँखाबाट आँसु झर्छ ।

"मेरो बुढा कस्तो अवस्थामा हुनुहुन्छ ? त्यहाँ के भइरहेको छ ? केही जानकारी पाएको छैन," पूजाको आवाज भक्कानिन्छ, "प्लिज, जसरी भए पनि उहाँको अवस्थाबारे जानकारी पाउँ । प्लिज, मलाई उहाँसँग कुराकानी गराइदिनुस् ।"

धनुषाको कमला नगरपालिका-६, सखुवा मडानका अजय सिंह रसुवाको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा कार्यरत हुनुहुन्थ्यो । बाढी आउनुअघिसम्म उहाँ परिवारसँग नियमित सम्पर्कमा हुनुहुन्थ्यो । घरमा फोन गर्ने, श्रीमती र परिवारको हालखबर सोध्ने तथा आफू कार्यरत ठाउँको अवस्थाबारे जानकारी दिने उहाँको दैनिकी थियो ।

तर, रसुवाको भोटेकोशीमा आएको विनाशकारी बाढीपछि त्यो नियमित सम्पर्क अचानक टुट्यो । अजयको मोबाइल त्यसयता लगातार बन्द छ । उहाँ कहाँ हुनुहुन्छ, कस्तो अवस्थामा हुनुहुन्छ भन्ने जानकारी परिवारले पाउन सकेको छैन ।

बाढीले रसुवामा ठूलो क्षति पुर्‍याएको खबर सुनेदेखि पूजाको मनमा एउटै प्रश्न घुमिर हेको छ- अजय कहाँ हुनुहुन्छ ?

उहाँको फेसबुक वाल अहिले यही प्रश्नको मौन दस्तावेज बनेको छ । घण्टौंको अन्तरमा उहाँले एउटै आशयका पोस्ट गरिरहनुभएको छ- "अहिलेसम्म मेरो श्रीमान्को बारेमा केही खबर प्राप्त भएन ।"

एउटा पोस्ट लेखिन्छ । केही समय बित्छ । फेरि अर्को पोस्ट देखिन्छ । शब्द उही हुन्छन्, तर प्रत्येक पोस्टभित्रको पीडा झन् गहिरो हुँदै गएको महसुस हुन्छ । सामाजिक सञ्जालमा आफन्त, साथीभाइ र शुभेच्छुकले खोजीमा सहयोग गरिदिन आग्रह गरिरहेका छन् । पूजाका लागि भने फेसबुक अहिले आफ्नो पीडा सुनाउने र श्रीमान्को खबर खोज्ने माध्यम बनेको छ ।

"एकपटक उहाँको आवाज मात्रै सुन्न पाए पनि हुन्थ्यो," पूजा भन्नुहुन्छ, "उहाँ सुरक्षित हुनुहुन्छ भन्ने खबर मात्रै पाए पनि मेरो मन शान्त हुन्थ्यो ।"

अजय सम्पर्कविहीन भएपछि घरको वातावरण पनि बदलिएको छ । पहिलेका जस्ता सामान्य दिन छैनन् । घरका सदस्यको ध्यान पनि मोबाइलमै केन्द्रित हुन्छ । अपरिचित नम्बर बाट फोन आउँदा सबैको मनमा आशा पलाउँछ- कतै अजयको खबर त होइन ? तर , फोन अर्कै विषयको रहेछ भन्ने थाहा पाएपछि त्यो आशा फेरि निराशामा बदलिन्छ ।

यो पीडा पूजाको परिवारमा मात्र सीमित छैन । रसुवाको बाढीपछि रोजगारी, व्यवसाय तथा विभिन्न कामका लागि त्यहाँ पुगेका धेरै मानिस सम्पर्कविहीन भएका छन् ।




उनीहरूका परिवार पनि अहिले यही अनिश्चित प्रतीक्षामा छन् । कसैको श्रीमान्, कसैको छोरा, कसैको दाइ-भाइ र कसैको जीवनसाथी सम्पर्कविहीन छन् ।

घरदेखि सयौं किलोमिटर टाढा पुगेका आफन्त विपद्मा परेपछि परिवारका सदस्यहरू प्रहरी, प्रशासन, अस्पताल र उद्धारमा खटिएका निकायसम्म पुगिरहेका छन् । कतै नाम भेटिन्छ कि, कतै तस्बिर देखिन्छ कि, कतैबाट "उहाँ सुरक्षित हुनुहुन्छ" भन्ने एउटा वाक्य सुन्न पाइन्छ कि भन्ने आशामा उनीहरू दिनरात भौंतारि रहेका छन् ।

बाढीले सडक, पुल, घर र बस्तीमा क्षति पुर्‍याएको छ । तर, यसको सबैभन्दा गहिरो चोट ती परिवारको मनमा परेको छ, जसका आफन्तको अवस्था अझै यकिन हुन सकेको छैन । मृत्युको खबर सुन्नु जति पीडादायी हुन्छ, त्यसभन्दा फरक र कहालीलाग्दो पीडा हो- आफ्नो मान्छे जीवित छन् कि छैनन् भन्ने थाहा नहुनु ।

पूजाको जीवन अहिले यही अनिश्चिततामा अडिएको छ । मोबाइलको स्क्रिनमा अजयको नाम हेर्नु, फोन गर्नु, सामाजिक सञ्जालमा खोजीका लागि अपिल गर्नु र कुनै खबरको प्रतीक्षा गर्नु उहाँको दिनचर्या बनेको छ ।

"उहाँ जहाँ हुनुहुन्छ, सुरक्षित हुनुहोस्," पूजा भन्नुहुन्छ, "मलाई उहाँसँग एकपटक कुरा गराइदिनुस् । उहाँको आवाज मात्रै सुन्न पाए पनि मेरो मन शान्त हुन्थ्यो ।"

अजयको खोजी जारी छ । परिवारले पनि आशा छाडेको छैन । पूजाको आँखामा आँसु भए पनि मनको कुनै कुनामा अजय फर्केर आउने विश्वास अझै बाँकी छ ।

सायद यही विश्वासले उहाँलाई प्रत्येकपटक मोबाइल उठाउन बाध्य बनाउँछ । प्रत्येक अपरिचित नम्बरमा आशा खोज्न बाध्य बनाउँछ । र , प्रत्येक रात निद्रा हराएर श्रीमान्को प्रतीक्षा गर्न बाध्य बनाउँछ ।

अहिले पूजासँग भन्नका लागि धेरै शब्द छैनन् । फेसबुकका पोस्टमा दोहोरिइरहेको एउटै वाक्य छ, जुन वास्तवमा एउटा पत्नीको पीडाभन्दा पनि विपद्मा बेपत्ता भएका प्रियजनका परिवार को सामूहिक आवाज बनेको छ-

"अहिलेसम्म मेरो श्रीमानको बारेमा केही खबर प्राप्त भएन ।"

र, त्यो आवाजभित्र लुकेको प्रश्न अझै अनुत्तरित छ-

"मेरो अजय कहाँ हुनुहुन्छ ?"




## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

मटिहानी नगरपालिका, महोत्तरी

## कृषि उत्पादनमा आत्मनिर्भर बनौं

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

औरही नगरपालिका, महोत्तरी


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,